आज मिति २०८१-०८-२६ गतेका दिन दिउँसो २:०० बजे पर्सागढी नगरपालिकामा नगर प्रमुख श्री गोकर्ण पाठक ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहायका ऐजेण्डाहरु माथि छलफल गरि निम्नानुसारका निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोकर्ण पाठक | नगर प्रमुख | |
| २ | श्री पूजा चौधरी | नगर उप प्रमुख | |
| ३ | श्री राज कपुर खवास | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वीरेन्द्र प्रसाद महतो थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुकमान तामाङ्ग | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री शेष खुर्सेद मियाँ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री नितेश मिश्रा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नवल किसोर प्रसाद कलवार | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री शंकर राय भर | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुन्दरी देवी थरुनी | ८ नं. वडा अध्यक्ष | |
| ११ | रामबढाई प्रसाद यादव | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री दिल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १३ | श्री मोहन लाल महतो | कार्यपालिका सदस्य | |
| १४ | श्री असलम आलम | कार्यपालिका सदस्य | |
| १५ | चन्दा देवी थरुनी | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १७ | सिता देवी लामा | कार्यपालिका सदस्य | |
| १८ | सुनिता कुमारी देवी | कार्यपालिका सदस्य | |
| १९ | सविता गिरी | कार्यपालिका सदस्य | |
| २० | श्री हरिकिशोर प्रसाद चन्द्रवंशी | सदस्य सचिव | |

CamScanner

मिति २०८१/०८/२६ गते बुधबारका दिन बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु

| सि.नं. | ऐजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | योजना स्वीकृत सम्बन्धमा | पर्सागढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमहरु यसै कार्यक्रमको स्थानीय निर्देशक समितिको मिति २०८१-०६-०२ गतेको दिन बसेको बैठकले स्वीकृत गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । |
| २ | सामाजिक सुरक्षा भत्ताको छुट रकम माग गर्ने सम्बन्धमा | यस पर्सागढी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिकमा विभिन्न वडा कार्यालयको ७४ जना लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता रकम रु. ४५०६६७।— (अक्षरेपी रु चार लाख पच्चास हजार छ सय सड्सठी रुपैया) भुक्तानी गर्न बाकी रहेको हुँदा सम्वन्धित कार्यालयबाट माग गर्ने निर्णय गरियो । |
| ३ | व्यवसायिक अभेलेखिकरण सम्बन्धमा | यस पर्सागढी नगरपालिका भित्र रहेको सम्पूर्ण व्यवसायहरुको अभिलेखिकरण गर्न सम्बन्धित व्यक्तिलाई जानकारीको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| ४ | स्थानीय तह संस्थागत क्षमता (LISA) स्वमुल्याङ्कनको नतिजा पारित तथा प्रकाशन सम्बन्धमा | यस् पालिकाको गत आर्थिक वर्ष २०८०/०८१ मा भए गरेको काम कार्वाहीलाई समेटी तयार गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को प्रारम्भिक नतिजा प्रस्तुत गर्ने तथा बैठकमा प्रस्तुत नतिजालाई यसै बैठकबाट पारित गरि प्राप्त नतिजा प्रकाशन गर्ने निर्णय गरियो । |
| ५ | आखाँ शिविर संचालन गर्ने सम्बन्धमा | यस पर्सागढी नगरपालिका भित्र निशुल्क आखा शिविरको लागि तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौ संग भएको सम्झौता वमोजिम मोतिया विन्दु तथा अंन्धोपन गराउने खालका आँखाको रोगहरुको अप्रेशन तथा विरामी छनौटको लागि गरिने स्किनिङ्ग क्याम्पहरु व्यवस्थित बनाउन ब्यापक प्रचार प्रसार गर्नुको साथै आवश्यक पर्ने आर्थिक सहित सम्पुर्ण व्यवस्था मिलाउने निर्णय गरियो । |
| ६ | आखाँ केन्द्र स्थापना सम्वन्धमा | यस नगरपालिका तथा आसपासका स्थानीय तह भित्र रहेका नेत्र रोगी सम्वन्धित विरामीहरुको नियमित उपचार व्यवस्था मिलाउन तिलगंगा आँखा प्रतिष्ठानको तर्फबाट यस नगरपालिकाभित्र एउटा आखाँ केन्द्र स्थापना गरिदिन हुन तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डौलाई अनुरोध गर्ने र उक्त कार्यको लागि आवश्यक भौतिक व्यवस्था पर्सागढी नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ७ | योजना माग गर्ने सम्वन्धमा | यस पर्सागढी नगरपालिका वडा नं. ०६ मा रहेको ऐतिहासिक गढी पर्सागढी जाने बाटोमा पर्ने सिङ्गियाही खोलामा RCC पुल निर्माणको लागि सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो । |
| ८ | योजना समावेश सम्वन्धमा | यस पर्सा जिल्लाको ३ प्रमुख पूर्व पश्चिम जोडने सडक मध्य उत्तर तर्फको जिल्ला बारा जितपुर सिमरा उ.म.न.पा.को जितपुर बजार देखि ठोरी तर्फ आवत-जावत गर्ने मुख्य सडक जनता सडक RADP Program परियोजनाले वनाएको पक्की सडकको मर्मत संम्भार, विस्तार र स्तरउन्नती को लागि आवश्यक बजेट विनियोजन गरिदिनु हुन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो। |

CamScanner

| | | |
|---|---|---|
| ९ | शिक्षा:पूर्वधार | पर्सागढी नगरपालिका भित्र रहेका ३० वटा सामुदायिक विधालयहरु मध्ये अधिकांश विधालयहरु मिति २०८१/०२/२३ गते आएको विनासकारी हावाहुरी असिना पानीबाट छाना उडाएका तथा प्रखाल उडाएका र कतिपय विधालयहरुको कक्षा कोठाको अभावमा बहुकक्षा शिक्षण तथा खुल्ला अकास मुनी पठन पाठन गर्नुपर्ने एंव कतिपय विधालयको शौचालय समेत नभएको हुँदा अति आवश्यक तपसिलका विधालयहरुमा पर्सागढी नगरपालिकाको आन्तरिक श्रोत तथा संघीय सर्सत लागत साझेदारीको रकम एवं प्रदेश सरकारसंग आवश्क वजेट व्यवस्थापनको माग गरि तपसिलको विधालयहरुको भौतिक संरचना, निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।<br>१. निर्माण मर्मत तथा भौतिक व्यवस्थापनः-<br>क. ने.रा.आ.वि. हर्दिया वडा नं. ०५,<br>- ट्रस्ट भवन निर्माण — १७०००००।—<br>- शौचालय मर्मत - २७५०००।-<br>ख. ने.रा.आ.वि. हरदासपुर वडा नं. ०४,<br>- शौचालय निर्माण — ९०००००।—<br>- छाना मर्मत — १०००००।-<br>ग. ने.रा.आ.वि. छोटैली हरदासपुर वडा नं. ०४,<br>- कर्कट भवन मर्मत एव गेट प्लास्टर — ६६००००।-<br>घ. ने.रा.आ.वि. टिकुलिया वडा नं. ०७,<br>- ट्रस्ट भवन निर्माण — १६७५०००।-<br>ङ. ने.रा.आ.वि. गोडपसरा वडा नं ०२,<br>- ट्रस्ट भवन निर्माण — १६७५०००।—<br>- पुरानो भवन मर्मत — १७५०००।-<br>च. ने.रा.आ.वि. दलित बकनेर्वा वडा नं ०४,<br>- शौचालय मर्मत — ३५००००।-<br>छ. मदरसा दारुल उलुम किताव रघुनाथपुर वडा नं. ०७,<br>- शौचालय र छाना मर्मत — २०००००।—<br>ज. मदरसा इस्लाहुल मुस्लेमिन परशुरामपुर वडा नं. ०४,<br>- भान्सा कोठा मर्मत अनुदान — १०००००।—<br>झ. दलित आ.वि. हरपुर वडा नं. ०८,<br>- कक्षा कोठा पार्टिसन — ५००००।—<br>ञ. सुनिल कुमार हरलाल्का आ.वि. बहुअर्वा वडा नं. ०५,<br>- भौतिक पूर्वधार निर्माण — ३०००००।— |
| १० | शिक्षा:पुरस्कार | १. कक्षा १२ का जेहेनदार विधार्थीहरुलाई पुरस्कार वितरण सम्बन्धमाः-<br>क. कक्षा १२ मा उत्कृष्ट छात्र -१ जना<br>ख. कक्षा १२ मा उत्कृष्ट छात्रा -१ जना<br>ग. कक्षा १२ मा उत्कृष्ट दलित छात्र -१ जना<br>घ. कक्षा १२ मा उत्कृष्ट दलित छात्र -१ जना |

CamScanner

| | | |
|---|---|---|
| | | २. कक्षा १० का जेहेनदार विधार्थीहरुलाई पुरस्कार वितरण सम्बन्धमाः-<br><br>क. कक्षा १० मा उत्कृष्ट छात्र -१ जना<br>ख. कक्षा १० मा उत्कृष्ट छात्रा -१ जना<br>ग. कक्षा १० मा उत्कृष्ट दलित छात्र -१ जना<br>घ. कक्षा १० मा उत्कृष्ट दलित छात्रा -१ जना<br>३. संस्थागत परस्कारः-<br><br>क. SEE मा बढी प्रतिशत उतिर्ण गर्न सक्ने विधालय — १ वटा<br>ख. अग्रेजी माध्यमबाट पठन पाठन गर्ने विधालय — १ वटा<br>पुरस्कारको राशी तथा अन्य विषय नगर शिक्षा समितिले तोकेवमोजिम हुनेछ। |
| ११ | म्याद थप गर्ने सम्वन्धमा | यस पालिकाको विभिन्न योजनाहरुको ठेक्का भई संचालनमा रहेको योजनाहरुको म्याद २०८२ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो । |
| १२ | स्वास्थ्य | यस पालिकाभित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको सूचना प्रणालीलाई व्यवस्थित गर्न EHMIS प्रणालीमा लैजाने र सो को लागि EHMIS प्रणालीको Software खरिद गरी लागु गर्ने तथा उक्त कार्यको लागि लागत साझदारी गरिदिनु हुन स्वास्थ्य कार्यालय पर्सालाई अनुरोध गर्ने निर्णय गरियो । |
| १३ | साझेदारी वन मार्फत प्राप्त हुने रोयालटी सम्वन्धमा | यस पर्सागढी नगरपालिका अन्तर्गत रहेका सबैया साझेदारी वन, विन्दावनी कोइलाभार साझेदारी र सबैया साझेदारी वन व्यवस्थापन समितिमा प्राप्त हुने रोयालटीको रकम मध्येबाट नियमानुसार स्थानीय निकायमा पठाउने पर्ने रकम यस पालिकामा पठाईदिन हुन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो । |
| १४ | नियुक्ति कोटा दिने सम्वन्धमा | यस पालिका भित्र तपसिल बमोजिमको विधालयहरुमा शिक्षण सिकाई अनुदान मा.वि. तृतय श्रेणीको १/१ वटा कोटा तपसिलको विधालयमा दिने निर्णय गरियो ।<br>१. श्री ने.रा.मा.वि. वर्वाछोटौली/जनता मा.वि. पकडिया बढनिहार<br>२. श्री ने.रा.मा.वि. बहुअर्वा सिरा<br>३. श्री ने.रां.मा.वि. बडेर्वा |
| १५ | आय ठेक्काको सम्वन्धमा | यस नगरपालिका अन्तर्गत रहेको करजनिया खोलाबाट नदिजन्य पदार्थ उत्खन्नका लागि प्रथम पटक मिति २०८१-०६-२३ गते ३० दिने सूचना प्रकाशन गरिएकोमा ठेक्का बन्दोबस हुन नसकेकोले परिमाणको अधारमा १५२ दिनको जम्मा परिमाण ५४६२८८ घन फिट नदिजन्य पदार्थको रु. ५ का दरले हुने रकम रु २७३१४४०।— न्युन्तम अंक कायम गरी दोस्रो पटक सूचना प्रकाशन गर्ने निर्णय गरियो । |

CamScanner

| | | |
|---|---|---|
| १६ | व्वयस्थापन परिक्षण प्रतिवेदन सम्बन्धमा । | पेश हुन आएको व्यवस्थापन परिक्षण प्रतिवेदन उपर छलफल गरी आवश्यक परिमार्जन सहित स्वीकृत गर्ने । |

CamScanner